जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २३६ पृष्ठः ४ | २०८० पुस २६ गते विहीबार (Thursday 11 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

यो वर्षको एसईई चैतको पहिलो हप्ता हुने, परीक्षा नहुने हल्लाको पछि नलाग्न बोर्डको आग्रह

## हरेक विषयमा ३५ प्रतिशत अङ्क नल्याए कक्षा ११ मा भर्ना हुन नपाइने

काठमाडौं, २५ पुस। राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) हुने/नहुनेबारे दोधारमा नपर्न आग्रह गरेको छ। शिक्षा पत्रकार सञ्जाल (इजोन) ले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय शिक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले चैतको पहिलो हप्ता परीक्षा हुने भएकाले दोधारमा नपर्न र परीक्षा नहुने हल्ला नगर्न आग्रह गरेको हो। उनले वार्षिक क्यालेन्डर अनुसार माघको पहिलो हप्ता रुटिन निकालेर चैतको पहिलो हप्ता परीक्षा हुने स्पष्ट गरे। संसदमा छलफलका क्रममा रहेको शिक्षा विधेयकमा एसईई नरहेकाले हुने/नहुने अन्योल रहेको थियो। तर अध्यक्ष शर्माले समितिमा छलफल भइरहेको विधेयकले परीक्षामा कुनै असर नगर्ने बताए। उनले प्रश्नपत्र तयार पार्ने र रुटिन निकाल्ने काम बोर्डले गर्ने र व्यवस्थापन प्रदेशले गर्ने बताए।

भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा पठनपाठन भइरहेकाले त्यहाँ पनि समयमै परीक्षा हुने शर्माको भनाइ छ। यस पटकदेखि हरेक विषयमा ३५ प्रतिशत अंक नल्याउने विद्यार्थीले कक्षा ११ मा भर्ना हुन नपाउने पनि बोर्डले स्पष्ट पारेको छ। यसअघि एसईईमा ग्रेडिङ सिस्टम रहेकोमा अब भने पुरानै नियम जसरी हरेक विषयमा ३५ प्रतिशत अंक ल्याउनैपर्नेछ, ३५ ल्याउन नसक्नेले फेरि परीक्षा दिन पाउनेछन्।

## भासिएको कमला पुलको पुनः निर्माण गरिने



सिरहा, २५ पुस। हुलाकी सडकअन्तर्गत सिराहा र धनुषा जोड्ने कमला नदीको भासिएको पुलको पुनः निर्माणको कार्य आगामी माघ २ गतेदेखि सुरु हुने भएको छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र पुल निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स'बीच मङ्गलबार आगामी असार अगावै पुल सञ्चालन गर्ने गरी कार्ययोजना

**-बाँकी तीन पेजमा**

## चिसो बढ्न थालेपछि सिरहाका सामुदायिक विद्यालयहरू ७ दिनका लागि बन्द



**रामभरोसी यादव**

सिरहा, २५ पुस। चिसो बढ्न थालेपछि सिराहाका सामुदायिक विद्यालयहरू धमाधम बन्द हुन थालेका छन्। शितलहर तथा चिसोका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भन्दै पालिकाहरूले विद्यालय बन्दको सूचना जारी गरेका हुन्। सिराहाको गोलबजार नगरपालिकाले सूचना जारी गर्दै ७ दिनको लागि विद्यालय बन्द रहने सूचना जारी गरेको छ। शिक्षा शाखा अधिकृत सुबोध कुमार लामाद्वारा जारी सूचनामा माघ २ गते मात्र विद्यालय खुल्ने उल्लेख गरेको छ।

चिसोले विद्यालयको पठनपाठन प्रभावित भएको भन्दै लक्ष्मीपुर पतारी गाउँपालिकाले पनि आजबाट लागु हुने गरी एक हप्ता जाडो बिदा दिएको छ। गाउँपालिकाका शिक्षा अधिकृत रामबालक पासमानले सूचना जारी गर्दै मंगलबारदेखि लागू हुने गरी आगामी २ माघसम्म जाडो बिदा दिइएको जनाएका छन्। त्यसैगरी नगरहा गाउँपालिकाले पनि विद्यालय जाडो बिदा दिएको छ। पछिल्लो केही दिनयता बाक्लो हुस्सु र कुहिरोसँगै तापक्रम घटेपछि जनजीवन प्रभावित बन्दै आएको छ। बाक्लो हुस्सु र कुहिरो प्रायः दिउँसोसम्म लाग्ने गरेकाले जनजीवन प्रभावित बनेको हो।

बाक्लो हुस्सु र चिसो हावाका कारण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास र हाडजोर्नीका बिरामी निकै बढेको जिल्ला जनस्वास्थ्य कार्यालय सिरहाले जनाएको छ। दुधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनिया लगायतका प्रकोपबाट पीडित भएका छन्। पछिल्लो एक सातायता चिसो झनै बढेपछि सदरमुकाम र जिल्लाका अन्य बजार क्षेत्रमा चहलपहल र आवागमन निक्कै पातलिएको छ भने सरकारी कार्यालयमा सेवाग्राहीको सङ्ख्या ह्वातै घटेको छ। उपचारका लागि अहिले दैनिक करिब ७५ देखि ८० जना अस्पतालमा आउने गरेको प्रादेशिक अस्पताल सिरहाका मेसु डा नगेन्द्र प्रसाद यादवले जानकारी दिए।




GUPTA BROTHERS AUTO TRADE | Mirchaiya | 9801500888, 033-550744
SNEHA AUTO ZONE | Siraha | 9801552815,033-550255

## सिँचाइ मिटरबारे किसान अनभिज्ञ

सप्तरी, २५ पुस। यतिबेला मधेशका किसानलाई गहुँ सिँचाइको चटारो छ। सप्तरीलगायतका जिल्लाका किसान बिहानैको झिसमिसेमा सडकछेउबाटै गएका बिजुलीको नाङ्गो तारपोलमा हुकिङ गरेर गहुँ सिँचाइ गरिरहेका दृश्य जताततै दिखिन्छ। स्थानीय सरकारले दिने निःशुल्क कृषि मिटरबारे यहाँका किसान अनभिज्ञ छन। जिल्लाका एकाधबाहेक सबैजसो स्थानीय तहले किसानलाई निःशुल्क सिँचाइ मिटरको योजना ल्याएका छन् तर कार्यान्वयन हुन नसक्दा किसानले लाभ लिन सकेका छैनन। "किसानले कसरी सिँचाइ गर्दै छन् र स्रोतसाधनको सुविधा छ छैन भनी लेखाजोखा कुनै निकायले गर्न आएका छैन," महदेवा-१ का किसान भागवत यादव भने। गत वर्ष किसानको सिँचाइ मिटरको शुल्क तिर्न सुरुङ्गा नगरपालिकाले पाँच लाख विनियोजन गरेकोमध्ये ५९ हजार रुपियाँ मात्रै खर्च भयो। त्यसैले बजेट थपेनौँ। यो वर्ष पनि पाँच लाख रुपियाँ मात्रै छुट्याएको सुरुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमराज कोइरालाले जानकारी दिए।

रूपनी गाउँपालिकाले गत आर्थिक वर्षमा सात लाख रुपियाँ कृषि मिटरमा बिल तिरेको र चालु आवमा २० लाख रुपियाँ छुट्याइएको गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले जानकारी दिए। यसबाहेक जिल्लाका तिरुहुत, विष्णुपुर, बोदेबरसाइन, हनुमाननगर कंकालिनी, तिलाठी कोइलाडी छिनमस्तालगायतका पालिकामा सिँचाइ मिटर सुविधा र किसानको सहुलियतको अवस्था दयनीय छ। चालु आवमा किसानका लागि निःशुल्क सिँचाइ मिटर अर्थात् निःशुल्क बिजुलीका लागि अधिकांश स्थानीय तहले बजेट विनियोजन गरेको छ।

त्यसै गरी नेपाल विद्युत् प्राधिकरणलाई समेत सिँचाइ मिटर जडानका लागि आवश्यक सामग्री तार, पोलका लागि नेपाल सरकारले अतिरिक्त बजेट दिएको छ तर कतै ती बजेट अपुग छन् भने कतै बजेट छुट्याएर पनि काम गर्न नसकेकोले किसान चोरीको विद्युत्बाट गहुँबाली सिँचाइ गर्न बाध्य छन। राजविराज-९, मलेठका युवा कृषक शम्भु मेहता भने, "अरूतिर सिँचाइ मिटर सरकारले निःशुल्क दिएको छ। बिल पनि तिरिदिएको तर राजविराज नगरपालिकाभित्र त्यस्तो केही सुविधा किसानले पाएका छैनन्," उनले भने, "हामीले व्यक्तिगत रूपमै शुल्क तिरेर लिएको सिँचाइ मिटरको पाँच वर्ष

**-बाँकी तीन पेजमा**

# सम्पादकीय

## कर्मचारीको सम्पत्ति जाँच गर

कर्मचारीतन्त्रका निम्ति कुनै बेला 'भन्सार नै संसार' मानिन्थ्यो। सबभन्दा आकर्षक थलो कर–भन्सार थियो। कर–भन्सार पुग्नु भनेको 'कमाउनु' हो भन्ने मान्यता तिनमा गढेको थियो। कारोबारीसँग मिलेमतो गरी राज्यको ढुकुटीमा दाखिला हुनुपर्ने राजस्व हिनामिना गरी अकुत सम्पत्ति कमाउने होडबाजी चलेकै थियो। त्यसपछि कर्मचारीतन्त्रको रोजाइमा मालपोत कार्यालय पर्थ्यो। वैदेशिक रोजगारीसँगै त्यससँग जोडिएका सरकारी कार्यालय आकर्षणमा पर्ने नै भयो। जहाँ सेवाग्राहीको भीड, त्यहीँ कर्मचारी सरुवा जोड चल्थ्यो, चलिरहेकै छ। जहाँ लूट मच्चाउन पाइन्छ, कर्मचारीको आँखामा आकर्षक कार्यालय। पछिल्लो कालखण्डमा कर्मचारीतन्त्रमा सरुवा निम्ति मरिहत्ते कार्यालयको लहरमा यातायात व्यवस्था कार्यालय परेको छ। सवारी चालक लाइसेन्ससँगै अथाह घुस संकलन गर्न पाइने हुँदा सरुवा चाहनामा यातायात कार्यालय परेको हो। कर्मचारीतन्त्रको रोजाइमा जुन कार्यालय आकर्षक मानिन्छ, बुझ्दा हुन्छ कि त्यो कार्यालयमा भ्रष्टाचार गर्न पाइन्छ, टन्न घुस खान पाइन्छ र छिट्टै धनी बन्न पाइन्छ भन्ने हो। सेवाग्राहीलाई आकर्षक सेवा उपलब्ध गराउनकै खातिर त्यस्ता कार्यालय रोज्ने कर्मचारी त 'अपवाद' मा होलान्। अर्को डरलाग्दो पक्ष भनेको कर्मचारीतन्त्रमा कारबाहीमा पर्छु या सजायको भागीदार बन्नुपर्छ भन्ने भय नहुनु पनि हो। नत्र एक दशकयता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बढी मात्रामा निगरानी राखेको र भ्रष्टाचार मुद्दा चलाइरहेको क्षेत्रमै पर्छ, यातायात कार्यालय पनि। अख्तियारको तारोमा परेकै कार्यालय खोज्नु भनेको जसरी पनि कमाउनुपर्छ भन्ने मान्यता कर्मचारीतन्त्रमा स्थापित हुनु हो। यतिखेर सवारी लाइसेन्स प्रकरण सतहमा छ। लिखित परीक्षा र ट्रायलबेगर एक लाखभन्दा बढी सवारी लाइसेन्स जारी भएको तथ्यांक बाहिर आएको छ।

यसले देशैभरका यातायात कार्यालय फर्जी र गैरकानुनी धन्दामा रहे/भएको देखाउँछ। सवारी लाइसेन्समा बेथिति, अराजकताले सीमा नाघेको स्पष्ट हुन्छ। अझ फर्जी सवारी लाइसेन्ससम्बन्धी अनुसन्धान बाहिरी निकायबाट नभएर त्यही कार्यालयबाट भएको हो। बाहिरी निकायले अनुसन्धान गर्ने हो भने अझ भयावह तस्बिर बाहिर आउन सक्छ। सवारी साधन चलाउन कुनै सीप नभएका व्यक्तिहरु लाइसेन्सधारी भएपछि हालत के हुन्छ ? सवारी दुर्घटना बढ्नुको कारक पनि फर्जी लाइसेन्स एउटा कारण हो। अनि फर्जी लाइसेन्स बोक्नेहरुबाट सडक अनुशासन पालना नहुनु कुनै अनौठो होइन। अपवादबाहेक सरकारी कर्मचारी सोझै घुस लिने कार्यमा संलग्न हुँदैनन्। सरकारी अधिकारी र सेवाग्राहीका बीचमा तेस्रो पक्ष अर्थात् दलाल–बिचौलियाले घुस लेनदेनको काम मिलाउँछन्। सेवाग्राहीले त्यसरी दाम लिने कर्मचारी देख्न पाउँदैनन्, दलालबाटै 'दाम'को काम हुन्छ।

फर्जी लाइसेन्सको बिगबिगी हुनु भनेको सडक दुर्घटना बढ्नु हो। कर्मचारीतन्त्रका निम्ति मलिलो भूमि बनेको यातायात कार्यालयका क्रियाकलापमा नियमित निगरानी नहुने हो भने सडक दुर्घटनाले अराजक रुप लिन सक्छ। यो प्रकरणसँगै अब यातायात कार्यालयबाट त्यसरी जारी भएका फर्जी लाइसेन्सलाई अवैध घोषित गर्नुपर्छ। सेवाग्राहीलाई घुसमा लाइसेन्स जुनसुकै बेला अवैध हुन्छ भन्ने मान्यता बसाउनुपर्छ। कम्तीमा ट्रायल पास गर्नुपर्छ भनेपछि लाइसेन्स लिन चाहनेले सवारी चलाउन सिक्छन्। सडक अनुशासनबारे धेरथोर बुझ्ने अवसर पाउँछन्। यसले सडकमा देखिने चालकका अनुशासनहीन काममा कमी आउन सक्छ।

त्यसअतिरिक्त कर्मचारीतन्त्रका हकमा यातायात कार्यालय नयाँ भन्सार बनेको स्पष्ट छ। त्यो कार्यालयमा कार्यरत हरेक कर्मचारीका सम्पत्ति जाँच गरिनुपर्छ। तिनीहरुसँग भएको सम्पत्तिको स्रोत खुलेको या नखुलेको अनुसन्धान गरिनुपर्छ। तिनको सम्पत्ति जाँच गरी स्रोत खुल्न नसकेको हकमा भ्रष्टाचार मुद्दा लगाउने शृङ्खला चलाउने हो भने यस्ता किसिमका अराजकतामा कमी आउन सक्छ। त्यस निम्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोग तात्नुपर्छ, २०५९–२०६० ताका भन्सार–करका कर्मचारीलाई तारो बनाएजसरी नै।

अख्तियारले तिनको सम्पत्तिको सोधखोज गर्ने हो भने कर्मचारीहरु अलि ठेगानमा आउन सक्छन्। त्यसकारण फर्जी लाइसेन्सका अवैध खेलविरुद्ध राज्यका अंग र संयन्त्र तात्न ढिला गर्नु भनेको सडक दुर्घटना बढाउनु हो।

# व्यक्ति बेपत्तादेखि यौन शोषणको आरोपीत बम्जन, साधुको भेषमा विलासी जीवन

**गृष्मा राज भण्डारी र दिपक श्रेष्ठ**

काठमाडौं, २५ पुस। व्यक्ति बेपत्ता पारेकोदेखि अनुयायीमाथि यौन शोषणको आरोप लागेका ५ वर्षदेखि फरार लीटील बुद्ध भनीने रामबहादुर बम्जन अन्ततः पक्राउ परेका छन्। केन्द्रीय असनुसन्धान ब्यूरो (सिआईबी)ले मंगलबार घरैबाट पक्राउ गरेर बम्जनलाई बुधबार सार्वजनिक गरेको हो। पक्राउसँगै बम्जनले तपस्वीको भेषमा अत्यन्त विलासी जीवन बिताउँदै आएको आश्चर्यजनक तथ्य खुलेको छ।

भारतमा साधुको भेषमा विभिन्न अनैतिक क्रियाकलाप गरेको आरोपमा थुप्रै साधुसन्त, प्रवचनकर्ताहरु पक्राउ पर्नु नौलो होइन। बाल यौन दूराचारको आरोप लागेका तपस्वी रामबहादुर बम्जनलाई केन्द्रीय अनुसन्धान ब्यूरो सिआईबीले बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गर्दा उनले पनि विलासी जिवन विताइरहेको खुलासा भएको छ। पाँच वर्ष अघि एक जना अनुयायीको हत्या, व्यक्ति बेपत्ता तथा जबर्जस्ती करणीको मुद्दा परेपछि फरार रहेका बम्जनलाई पक्रन यस अघि प्रहरीले पटक पटक प्रयास गरे पनि सफल हुन सकेको थिएन।

प्रहरीको सर्वाधीक खोजीमा रहेका बम्जनलाई मंगलबार बूढानीलकण्ठस्थित हातिगौँडाबाट सिआईबीको टोलीले पक्राउ गरेको हो। सीआईबीको टोली पक्राउ गर्न घरभित्र छिर्दै गर्दा उनी घरको चौथो तल्ला बाट हामफालेर भाग्न कोशीस गर्दैगर्दा क्रममा पक्राउ परेका हुन्। तपस्वीको भेषमा रहँदै आएका बम्जनले विलाशी जिवन विताइरको पाइएको प्रहरीले जनाएको छ। प्रहरीले बम्जनका घरबाट विभिन्न देशका मुद्राासहित ठुलो रकम बरामद गरेको छ। उनको घरबाट विभिन्न १७ देशका मुद्रा, नेपाली तीन करोड तिन लाख बढी रुपैयाँ बरामद भएको छ। यस्तै, उनको घरबाट१४ थाना मोबाइल, २ वटा ल्यापटप, ५ वटा आईप्याड तथा ट्याबलेट, २० वटा पेनड्राइभ, एउटा गाडी र ३ वटा मोटरसाइकल पनि बरामद गरेको सिआइबीले जनाएको छ।

झण्डै अढाई करोड बराबर मूल्य पर्ने टोयोटाको फर्चुनर गाडी चढिरहेका बम्जनले ऋस फायर कम्पनीको डर्ट बाइक, ३ सय ९ सीसीको केटिएम ड्यूक लगायत मोटरसाइकल समेत प्रयोग गरिरहेका प्रहरीले जनाएको छ। यसमाथि बम्जनका लागि ५ करोड मूल्य पर्ने ल्यान्ड क्रुजर गाडी किन्ने तयारी समेत भैरहेको र यसकालागि ३ करोड रुपैयाँ भुक्तानी समेत भइसकेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

सिआईबीले बम्जनलाई भित्र सार्वजनिक गर्दैगर्दा सिआईबी परिसरमा उनका समर्थकको भने अझै पनि विरोध जारी राखेका थिए। समर्थक मात्र नभई उनलाई भेट्न पूर्व राज्यमन्त्री यशोदा लामा समेत सिआईबीको कार्यलयमानै पुग्नु भएको थियो। २०६२ साल जेठदेखि पाँचवर्ष निराहार तपस्या गर्ने भन्दै बाराको जङ्गलमा बसेका बम्जन सुरुदेखिनै विवादीत बनेका थिए। उनीविरुद्ध सर्लाहीकी २९ वर्षीया रिता बोटलाई बेपत्ता पारेको आरोपमा उनकी आमाले २०७५ सालमा किटानी जोहरी दिएकी थिइन्। यस्तै बाराका सुरेशकुमार आले मगर, नुवाकोटकी कर्मा तामाङ, मकवानपुरकी फुलमाया रुम्बा, सुरेश आले मगर र सञ्चमान वाईवा बेपत्ता पारेको अभियोग पनि छ। जिल्ला अदालत, सर्लाहीबाट उनीविरुद्ध पक्राउ पूर्जी जारी भएकाले उनलाई सर्लाही जिल्ला अदालतमा उपस्थित गराउन आजै सर्लाही लगिएको छ।

# राजेन्द्र महतोले यसरी सुरु गर्दैछन् राष्ट्रिय मुक्ति क्रान्ति

काठमाडौं, २५ पुस। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतो सो पार्टीबाट विद्रोह गरी छुट्टै आन्दोलनको तयारीमा जुटेका छन्। राष्ट्रिय मुक्ति क्रान्ति संगठन खडा गरेर उनी आन्दोलनको तयारीमा जुटेका छन्। उनले राष्ट्रिय मुक्ति क्रान्ति गठन गरेर बहुल राष्ट्रिय राज्य स्थापनाका निमित्त आह्वान पनि गरेका छन्। त्यसका लागि महतोले सामाजिक अभियन्ता बुद्धछिरिङ मोक्तानसँग मिलेर दस्तावेज तयार गरिसकेका छन्। क्रान्ति सफल बनाउनका लागि एउटा संगठनको आवश्यकता पर्ने र त्यो संगठन निर्माणमा आफू लागेको महतोले बताए। उनले संगठनको आभावमा कुनै पनि तयारी परिणाममुखी बन्न नसक्ने भएकाले संगठन निर्माणमा जोड दिएका छन्।

महतोले भनेका छन्, 'सांगठनिक तयारी अन्य तयारी जत्तिकै महत्त्वपूर्ण र जोड दिनुपर्ने विषय हुन्। सांगठनिक तयारी गर्न कुशल, अनुशासित, तथा प्रतिबद्ध संगठकहरुको आवश्यकता पर्दछ।' महतोले तयार गरेको दस्तावेजमा भनिएको छ, 'विगतका विद्रोहहरु तथा आन्दोलनहरुमा उल्लेख्य मात्रामा बलिदान दिइए। तत्पश्चात् पनि ती सफल नहुनुको कारण वैचारिक तथा सैद्धान्तिक तयारीको आभाव थियो र नेपाली राष्ट्रिय मुक्ति क्रान्ति सम्पन्न गर्न वैचारिक तयारी प्रधान विषय बन्यो।' उनले राष्ट्रिय मुक्ति क्रान्ति सफल बनाउनका लागि विचारलाई प्रधान बनाएका छन्। विचारले परिपक्व नभएसम्म कुनै पनि आन्दोलन सफल हुँदैन भन्दै उनले पछिल्लो मधेस आन्दोलनलगायत विभिन्न आन्दोलन सफल नहुनुको मुख्य कारण त्यसैलाई मानेका छन्। संगठन निर्माणका लागि महतोले आन्तरिक एवम् बाह्य गरी दुई किसिमको तयारी गर्नुपर्ने उल्लेख गरेका छन्। आन्तरिक तयारी अन्तर्गत प्रतिस्पर्धी तथा सहयोगी शक्तिको पहिचान गर्नु र उनीहरुलाई आफ्नो लक्ष्य प्राप्त गर्न अधिकतम उपयोग गर्ने योजना र क्षमता विकास गर्नुपर्ने उनको भनाइ छ।

आर्थिक तयारीको सम्बन्धमा महतोले पुँजी नै शक्ति निर्माणको एक आधार बनेको उल्लेख गरेका छन्। उनले पुँजी निर्माण तथा परिचालनका निमित्त ठोस आर्थिक तयारी हुन जरुरी रहेको बताएका छन्। नेपालको वर्तमान अवस्थाको बारेमा महतोले ठोकुवा गरेर भनेका छन्, 'हामी ठोकुवा गर्छौं, नेपाल न नेपाली कांग्रेस लगायतका दक्षिणपन्थी शक्तिले चाहे जसरी परम्परागत संसदीय व्यवस्थामा रहन सक्छ न त वामपन्थी कम्युनिस्टले चाहेजस्तो तथाकथित वैज्ञानिक समाजवादी व्यवस्थातर्फ जान्छ।' राष्ट्रिय मुक्ति क्रान्तिको बलमा नेपाललाई बहुलराष्ट्रिय राज्य संरचनाको सामुदायिक समाजवादी व्यवस्थामा रुपान्तरण गराउने दाबी गर्दै महतोले देशका नेतृत्वकर्ता नवउदारवादका नाइके कांग्रेस र नवदलाल कम्युनिस्टकै पछाडि बिनाअर्थ कुदिरहेको देखिएको बताएका छन्।

उनले भनेका छन्, 'यसर्थ अब हामीले कुनै नवउदारवादी वा नवमार्क्सवादीको पछि लाग्नुभन्दा एक पटकलाई आफ्नै ईण्डिजिनिष्ट धारबाट एउटा राजनीतिक संश्लेषण गरी शान्तिपूर्ण सशक्त विद्रोहमार्फत स्वदेशी सत्ता निर्माण गर्नुपर्छ।' नेपालमा संविधान जारी भए पनि त्यसले नेपाली जनताको समस्या समाधान नगरेको भन्दै महतोले फेरि पनि नेपालमा अर्को राजनीतिक विद्रोहको गुञ्जायस जीवितै रहेको र सो विद्रोहलाई पार्टीको दस्तावेजमा 'बहुलराष्ट्रिय विद्रोह' भनेका छन्। अबको सहमति उदार लोकतान्त्रिक शक्ति र नयाँ जनवादी कम्युनिस्ट शक्तिहरु बिचमात्र नभएर यहाँको तेस्रो धार र मूलधारको शक्ति स्वदेशवादी शक्तिसँग पनि हुन जरुरी रहेको महतोले उल्लेख गरेका छन्।

राष्ट्रिय मुक्ति क्रान्तिको मूल जग 'बहुलराष्ट्रिय विद्रोह' हुने र यसको मुख्य लक्ष्य नेपाललाई राज्य सञ्चालन अर्थात् शासनकलाको नयाँ प्रणाली विकास गराउँदै नयाँ युगमा प्रवेश गराउने रहेको उनको भनाइ छ। महतोले भनेका छन्, 'अबको बाटो भनेको हामी उत्पीडित जाति–वर्गका राष्ट्रिय मुक्ति क्रान्तिका अग्रदस्ता योद्धाहरु नै समग्र रुपमा बाह्य राष्ट्रियताको मुद्दालाई पनि हल गर्ने ढङ्गले अघि बढ्नु वाञ्छनीय भएको छ।' यहाँका उत्पीडित जाति–वर्गका जनताहरूले देशको विद्यमान सम्पूर्ण अन्तरविरोधको हल गर्ने सवालमा नेतृत्वदायी पहलकदमी लिने बेला आएको भन्दै उनले जसको निमित्त आफूले अब कुनै उदार–दक्षिणपन्थी कांग्रेस वा वामपन्थी कम्युनिस्ट शक्तिहरूमा भर नपर्ने बताए।

हाल भइरहेको बहसहरुमा जनवादी क्रान्तिको कार्यभार पूरा भएको र अब पुँजीवादी क्रान्ति सम्पन्न गर्दै समाजवादतर्फ फड्को मार्ने कुरा पूर्णरुपेण छलकपट, धुर्त्याइँ, फट्याइँबाहेक केही नभएको उनले प्रस्ट पारेका छन्। उनले यस्ता भ्रममा नपरी राष्ट्रिय मुक्ति क्रान्तिमा लाग्न सबैमा आग्रह पनि गरेका छन्। राष्ट्रिय मुक्ति क्रान्तिको कार्यभार अझै बाँकी रहेको बताउँदै महतोले यो क्रान्ति सफल भएमात्र जनवादी वा लोकतान्त्रिक क्रान्तिको कार्यभार पूरा हुने जिकिर गरेका छन्।




# कब्जियतमा मुख बार्नु हानिकारक हुनसक्छ

**डा. प्रभाकर शाह**
जनरल तथा ल्याप्रोस्कोपिक सर्जन

मलद्वार, पेट र आन्द्रासम्बन्धी स्वास्थ्य समस्या लिएर अस्पताल आउनेको संख्या बढिरहेको छ। यीमध्ये कब्जियतको समस्याले पिरोल्नेको संख्या पनि उल्लेख्य छ। पहिले ४० वर्षमाथिको उमेर समूहका व्यक्तिमा यो समस्या धेरै देखिनेमा अहिले विलासी जीवनशैली र गलत खानपानका कारण कलिलो उमेरका बालबालिकासमेत यसबाट पीडित भइरहेका छन्। कब्जियत एक यस्तो समस्या हो, जसमा पेट ठीक ढंगले सफा हुन पाउँदैन। मल त्याग गर्ने समयमा कष्ट हुन्छ। कब्जियतबाट प्रताडित व्यक्ति अन्य व्यक्तिको तुलनामा कम शौच गर्छन्। सामान्य व्यक्तिले दिनहुँ दिसा गर्छन्, तर कब्जियत भएकाले दुई–तीन दिनसम्म पनि शौच गर्न सकिरहेका हुँदैनन्।

कब्जियतको समस्या भएका बेला शौच गर्दा मलद्वारमा पीडा हुने र रगत आउनेसम्म हुन्छ। यही कारण उनीहरुको पेट भारी हुन्छ, शरीर चंगा र छरितो महसुस हुँदैन। खानामा अरुचि हुन्छ। कब्जियतको कारण कतिलाई बान्ता र टाउको दुख्ने समस्या हुन्छ। कब्जियत हुनुको कारण मैदाजन्य खानेकुरा बढी खाने, तनावपूर्ण जीवन र व्यायाम फिटिक्कै नगर्नु हो। साथै केही रोगका औषधि दैनिक सेवनले पनि कब्जियतको जोखिम हुन्छ।

**कसलाई बढी कब्जियतको समस्या ?**

**बालबालिका**

त्यसो त अहिलेको सागसब्जीमा हानिकारक रसायन मिसिएको पनि हुनसक्छ। धेरैजसो पौष्टिक आहार भनिएका खानेकुरा गुणस्तरीय र पोषिलो हुँदैनन्। यस्तोमा खानेकुराको गुणस्तर त्यसै कम छ। र, बालबालिकाहरुमा सागपात, हरिया सागसब्जी भन्दा जंकफुड र चक्लेटको बानी परेको देखिन्छ। उनीहरु पानीको सट्टा रसायन र रङ मिसिएको पेय पिउन रुचाउँछन्। एक त पौष्टिक तत्व कम खाने त्यसमाथि फुर्सदिलो समयमा बाहिर खेल्न नगई मोबाइल बढी चलाउने र त्यसमा रमाउने गर्दा शारीरिक गतिविधि अत्यन्त कम हुन पुग्छ। जसकारण कब्जियतको समस्या अन्य उमेर समूहभन्दा बढी बालबालिकामा देखिन्छ।

**वयस्क**

आजभोलि वयस्क व्यक्तिहरु पनि शारीरिक गतिविधि र सन्तुलित खानपानमा निष्क्रिय देखिन्छन्। आफ्नो काम, पढाइ, करिअर बनाउन व्यस्त हुँदा शारीरिक गतिविधि कम हुन्छ। कतिपयको बानी त काम नसकी दिसा, पिसाब पनि समयमा नगर्ने बानी हुन्छ। जुन कब्जियतको मुख्य कारण हो। घरबाहिरको खाना, जंकफुड, चिया र कफी बढी खाने, सुत्ने र आराम गर्ने समयमा पनि मोबाइल प्रयोगमा समय खेर फाल्ने, पानी धेरै नपिउने, खाली पेट धेरै बस्ने गर्दा अपेक्षाकृत आन्द्राको चलायमान हुँदैन। यस्तो जीवनशैली जिउने व्यक्तिमा कब्जियतको समस्या देखिन्छ।

**वृद्ध**

वृद्ध उमेरका व्यक्तिमा बाहिरको खानेकुरा कम खाने तथा घरको खानेकुरालाई प्राथमिकता दिने, चाँडै सुत्ने र उठ्ने जस्ता बानीले अन्य उमेर समूहका मानिसहरुको दाँजोमा वृद्धहरुमा कब्जियतको समस्या कम देखिन्छ। यसो भन्दैमा उनीहरुलाई कब्जियत नै हुँदैन भन्ने होइन। औषधिको प्रयोग र उमेरसँगै आन्द्राको पाचन क्षमता कम हुँदै जाने भएकोले यो उमेर समूहमा पनि कब्जियत हुन सक्छ।

**धेरै मुख बार्दा समस्या**

कब्जियतको समस्या भएकाले सबैभन्दा बढी मुख बार्न थाल्दा समस्या बढिरहेको छ। बाहिरको खानेकुरा बार्नु त ठीक हो। तर धेरैले घरमा पाइने दाल, मोही, दही, माछामासु नै खान छाडेको देखिन्छ। यसले शरीरलाई भनै पोषणको कमी गराएर शारीरिक कमजोरी हुनेदेखि अन्य स्वास्थ्य समस्या निम्त्याउन सक्छ। माछामासुका साथै दालभात, मकै, भटमास खान छाड्दा म्याग्नेसियम, भिटामिन, जिंक, बी १२ र डी जस्ता तत्वको कमी हुन जान्छ। फलस्वरुप छाला, नसा, जोर्नीमा दुखाइ र मानसिक समस्या बढ्दै जान्छ। जसले गर्दा कब्जियतको समस्या एवं यसको जटिलताका कारण अस्पताल धाइरहनुपर्ने अवस्था आउँछ। त्यसैले यसबारे जान्न के खाने ? के नखाने ? यसबारे बुझ्न आवश्यक छ।

**के नखाने ?**

**मदिरा**

कब्जियतको समस्या नहोस् भन्नका मदिरा सेवन गर्नु हुँदैन। यसले शरीरलाई डिहाइड्रेसन ( जलवियोजन ) गराउँछ। हाम्रो शरीरमा पानीको कमी हुँदा तुलनात्मक रुपमा दिसा कमलो हुन नपाई कब्जियतको समस्या हुनसक्छ।

**मैदाजन्य खानेकुरा**

मैदाजन्य खानेकुरा भन्नाले यसबाट निर्मित खानेकुरा चाउमिन, पास्ता, मःम, चाउचाउ जस्ता फास्टफुड पर्छन्। जुन दिनहुँजसो खाजाको रुपमा उपभोग भइरहेका हुन्छन्। मैदाजन्य खानेकुरा प्रशोधित गरिएको हुन्छ। जसमा फाइबर न्यून मात्रमा हुन्छ। त्यसैले त्यस्ता खानेकुरा कहिलेकाहीं खाँदा त्यति हानि नगरेपनि निरन्तर खाँदा कब्जियत गराउन सक्छ। त्यसैले दैनिक खानपिनमा मैदाजन्य खानेकुरा सम्भव भएसम्म कम गर्दै लैजानु उचित हुन्छ।

**क्याफिनयुक्त पेय**

कब्जियतको समस्या हुनेहरुले कफी जस्ता क्याफिनयुक्त पेय कम गर्दै लैजानुपर्छ। किनकि यस्ता पेयले शरीरलाई डिहाइड्रेट गराउँछ। जब शरीरमा पानीको कमी हुन्छ तब दिसा गर्नमा कठिनाइ हुन्छ। जसले कब्जियतको समस्या गराउँछ।

**ब्रोइलर कुखुराको मासु**

दिनहुँजसो ब्रोइलर कुखुराको मासु खाने व्यक्तिमा पनि कब्जियतको समस्याले पिरोल्न सक्छ। किनकि यस्ता कुखुरामा विभिन्न एन्टिबायोटिक औषधि प्रयोग गर्नुका साथै समयअगावै कुखुराको तौल बढाउन स्टेरोइड औषधि दिइएको हुन सक्छ। लगातार ब्रोइलर कुखुराको मासु खाँदा कब्जियतदेखि अन्य स्वास्थ्य समस्या देखिन सक्छ।

**के खाने ?**

**पानी बढी पिउने**

पानी कमी भएमा कब्जियतको समस्या हुन्छ। कम पानी पिउँदा दिसा हुने प्रक्रियामा असर गर्छ।

**गहुँको चोकर**

कब्जियतको समस्या हुनेले दैनिकजसो गहुँबाट बनेको चोकर खानु राम्रो हुन्छ। किनभने यसमा अत्यधिक मात्रामा फाइबर हुन्छ। जसले दिसालाई कडा हुन दिँदैन।

**दाल तथा गेडागुडी**

दाल घुलनशील फाइबर हो। जसले शरीरमा भएको पानीलाई सोसेर पचाएको खानेकुरामा तरलता ल्याउँछ। जसकारण दिसा आउन सहज हुन्छ।

**केरा**

कब्जियत भएकालाई केरा फाइदाजनक फलफूल हो। केरामा पनि एक घुलनशील फाइबर हुन्छ।

**सागसब्जी**

सागसब्जीमा मुला, गाँजर, पालुङ्गो जस्ता विभिन्न प्रजातिको साग, ब्रोकाउली, काउली खान सकिन्छ। यसमा उच्च मात्रामा फाइबरसँगै शरीरलाई आवश्यक भिटामिनको स्रोत पाइन्छ। यसले पाचन प्रक्रियामा सघाउ पुर्‍याउनुका साथै कब्जियतको समस्या कम गर्दै लैजान्छ।

**पर्याप्त झोलिलो खानेकुरा**

पानी प्रशस्त भएको झोलिलो खानेकुरा तथा सादा पानी नै पर्याप्त पिउने बानी गरेमा शरीर सिञ्चित भइराख्छ। यसले कब्जियत हुने सम्भावना कम गर्छ। यो समस्या भएका व्यक्तिले दैनिक ८ देखि १० गिलास पानी पिएमा कब्जियतको समस्याबाट राहत मिल्छ।

**दूध, दही र मोही**

धेरैजसोले कब्जियतको समस्यामा दूध, दही र मोही चटक्कै खान छोडेको पाइन्छ। तर यसरी चटक्कै खान छोड्दा शरीरमा चाहिने पोषण र झोलिलो पदार्थको कमी हुन्छ। धेरैजसो अध्ययनले दुग्धजन्य पदार्थको सेवनले कब्जियतको समस्यामा कम गर्ने देखाएको छ। जसमध्ये एक अप्लिक्याकप्रोबायोटिक्स डटकममा प्रकाशित अध्ययन अनुसार दूधले खानेकुरा पचाउन सहज गर्ने, दही र मोहीमा हुने प्रोबायोटिकले स्वस्थ ब्याक्टेरियाको वृद्धि गराई खानेकुरा पचाउन, हाइड्रेट गरिराख्न र आन्द्राको परिचालनमा सहयोग गर्छ।

**माछामासु**

कब्जियतको समस्याबाट पीडित धेरैले माछामासु खान मन हुँदाहुँदै पनि छाड्ने गरेका हुन्छन्। तर माछामासु छोड्दा शरीरलाई चाहिने प्रोटिन, भिटामिन बी १२ जस्ता तत्वको कमी हुन्छ। यस्तोमा के बुझ्न जरुरी छ भने माछामासुले सोभै कब्जियत गराउँदैन। बढी मसालेदार भएको मासु अत्यधिक खाने तर फाइबरयुक्त खानेकुरा पटक्कै नखाने र 'रेड मिट' बढी खाँदा भने समस्या गराउन सक्छ। यस्तोमा कम मसला हालेको, नतारेको माछामासु खाएपछि फाइबर भएको फलफूल वा सलाद खाने गरेमा कब्जियतले सताउँदैन। यद्यपि, रेड मिट भने नखाएकै राम्रो हुन्छ। यसमा उच्च बोसो हुने र फाइबर शून्य बराबर हुन्छ। जसले पाचनमा ढिला गराउँछ।

**बाहिरी खाजाको विकल्पमा के खाने ?**

कार्यालय वा कलेजमा हुँदा बाहिरको खाजा खानुपर्ने अधिकांशको बाध्यता हुन्छ। यस्तो बाध्यता भएमा बाहिरको खानेकुरा सकेसम्म कम खाने, घरबाटै रोटी, ओट्स जस्ता खानेकुरा लिएर जान सकिन्छ। यो सम्भव नभएमा बाहिर खाँदा झोलयुक्त खाजालाई प्राथमिकता दिने र मैदाजन्य खानेकुरा खाने परेको खण्डमा फलफूल पनि साथमा खाने गर्नुपर्छ। साथै, प्रशस्त मात्रामा पानी पिउनु समाधानको उपाय हुनसक्छ।

मसालेदार तथा सुक्खा खानेकुरा कम गरी पौष्टिक आहार, पर्याप्त पानी दैनिकजसो पिउनुका साथै खानालाई पचाउन र शरीरको हरेक अंगलाई चलायमान राख्न शारीरिक व्यायाम गर्ने, राति ८ घण्टा सुत्ने र तनाव कम लिने गरेमा कब्जियतबाट सजिलै बच्न सकिन्छ।

# किसानलाई तरुल खन्न भ्याइ नभ्याई, भाउ नपाएको दुःखेसो

सर्लाही, २५ पुस। सर्लाहीका किसानलाई तरुल खन्न भ्याइनभ्याई भएको छ। आउँदै गरेको माघे संक्रान्तिलाई लक्षित गरी जील्लाको उत्तर पश्चिम भेगमा पर्ने बागमती र बरहथवा नगरपालिकाका किसानहरूलाई तरुल खन्न भ्याइनभ्याई भएको हो। तर, यसवर्ष तरुलको उचित मूल्य नपाएको किसानहरुले गुनासो गरेका छन्। जिल्लाको बागमती र बरहथवा नगरपालिका लगाएतका स्थानमा यतिबेला किसानहरु माघे संक्रातीमा अत्यधिक खपत हुने भएकाले तरुल खन्न भ्याईनभ्याई रहेको किसानहरुको भनाइ छ।

विगत लामो समय देखी बर्सेनि व्यवसायिक तरुल खेती गर्दै आएका बागमती नगरपालिका–५ राजघाटका शंकर मैनालीले माघे संक्रान्तिमा बिक्री गर्दा तरुलले राम्रो भाउ पाउने आशा गरेअनुसार यस वर्ष गएको वर्षको मूल्यमा प्रतिकिलो प्रतिकिलो १० रुपियाँ कमीमा बेच्न बाध्य भएका छन्। गत वर्ष ५० देखि ५५ रुपैयाँसम्म प्रति किलोमा बिक्री गरेको तरुल यसबर्ष ३५देखि ४० रुपैयामा बिक्री भएको उनको भनाइ छ।

किसानहरुले उत्पादन गरेको तरुल लिन ठेकेदारहरु खेतबारीमै पुगेका छन्। लामो समयदेखि तरुल खेती गर्दै आएका बागमती–१० मोहन लुम्रे मगरले यस वर्ष ८ कट्ठा जमिनमा तरुल खेती गरेका छन्। उनले व्यापारीलाई प्रति कट्ठा १० हजारमा खेतबाटै बेचेका छन्। गत वर्ष उनले १ लाख २५ हजारमा बेचेका थिए। यसवर्ष भने लागत अनुसारको खासै आम्दानी नभएको गनासो गरे।

माघे संक्रान्तिमा विषेश फलारको रुपमा प्रयोग गरिने तरुल अन्य समयमा तरकारीको रुपमा समेत प्रयोग गर्न लैजाने गरेको किसानहरु बताउँछन्। तरुल खेती गर्दा जमिन हेरेर बिउ, खन, जोत, खाद मल र गोडमेल समेत गरेर ७ देखी १० हजारप्रति कट्ठा लगानी हुने किसानहरुको भनाई छ भने यस सिजनमाप्रति कट्ठा २० देखी २५ हजार सम्म आम्दानी हुने किसानहरुले अपेक्षा गरे पनि उचित मूल्य पाएन।

राम्रो उत्पादन हुँदा तरुल प्रति कट्ठा ८ देखि १० क्विन्टल सम्म उत्पादन हुने गरेको छ। यस क्षेत्रमा भुसे (पाताले) र रातो तरुलको खेती हुँदै आएको किसानहरुले बताएका छन्। यस वर्ष कम वर्षात भएका कारण तरुल उत्पादनमा कमी आएको किसानहरुले बताए। किसानका अनुसार यस बर्ष सरदर प्रति कट्ठा ४ देखि ५ क्विन्टल उत्पादन भएको बताउँछन्। यहाँ उत्पादन भएको तरुल काठमाण्डौं,पोखरा, नारायणगढ, धनगढी, नेपालगंज लगायत देशका प्रमुख शहरहरुमा निर्यात हुने ब्यापारी हृदय राम बताउँछन्। उनका अनुसार उत्पादनमा कमी र विगतका वर्षहरुमा जस्तो माग कम भएकोले किसानले तरुलको उचित मुल्य नपाएको बताए। सर्लाहीमा मात्र यस बर्ष २ सय ८५ हेक्टर क्षेत्रफलमा तरुल खेती भएको जिल्ला कृषि ज्ञानकेन्द्र मलंगवाका प्रमुख देवानन्द रायले जानकारी दिए। सर्लाहीमा प्रत्येक बर्ष ५सय टनको हाराहारीमा तरुल उत्पादन हुने गरेको छ।

*भासिएको ...*

सम्झौता भएको हो। सम्झौताअनुसार वर्षा सुरु भएसँगै रोकिएको कमला पुलको पुनः निर्माणको काम तीव्रताका साथ हुने निर्देशनालयका योजना प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो। "पुल पुनः निर्माणमा विविध समस्या थिए, हामीले निर्माण कम्पनीसँग बसेर कार्ययोजना बनाएका छौँ", प्रमुख महतोले भन्नुभयो, "सोही कार्ययोजनाअनुसार तोकिएकै समयमा पुलको बाँकी निर्माणकार्य सम्पन्न हुन्छ।"

कमला पुल निर्माण कम्पनीका 'साइट इन्चार्ज' सुदीप थापाका अनुसार वर्षा सुरु भएसँगै रोकिएको पुल पुनः निर्माणको काम गत मङ्सिरबाटै सुरु भए पनि आर्थिक सङ्कटका कारण सुस्त रहेको थियो। "भासिएको ठाउँमा दुई पायल राख्नेगरी फाउन्डेसन र पाइलिङको काम भइरहेको छ, बीमाबाट प्राप्त गर्नुपर्ने रकम रोकिएकाले आर्थिक सङ्कट हुन गई निर्माणकार्य ढिला हुन गयो", थापाले भन्नुभयो, "अब यो कार्ययोजना सम्झौताले पुल पुनः निर्माणमा तीव्रता दिने विश्वास लिएको छु।"

वि.सं.२०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने गरि निर्माण कम्पनी 'पप्पु कन्स्ट्रक्सन' सँग सम्झौता गरिएको थियो। पटक–पटक म्याद थपेर करिब १० वर्षपछि ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला वि.सं.२०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि निर्माणको काम तत्काललाई अनिश्चित भएको थियो। पुल निर्माणमा कम्पनीको लापरबाही देखिएपछि निर्माण कम्पनी 'पप्पु कन्स्ट्रक्सन' लाई हटाएर 'लुम्बिनी बिल्डर्स'लाई काम सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो। यही बीचमा वि.सं.२०७९ चैत १५ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री रहेका बेला वर्तमान उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्राविधिक टोलीसहित स्थलगत निरीक्षणपछि एक सातामा पुलको पुनः निर्माणकार्य सुरु गर्न निर्माण कम्पनीलाई निर्देशन दिनुभएको थियो।

मन्त्री श्रेष्ठको निर्देशनपछि निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनः निर्माण गर्ने गरी काम सुरु गरेको थियो। कमला नदीमा बढेको पानीको बहावका कारण पुल पुनः निर्माणको काम असार नलाग्दै रोकिएको थियो। तराई मधेसको 'लाइफ लाइन'का रुपमा हेरिएको हुलाकी लोकमार्ग मधेश प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो। यस लोकमार्ग अन्तर्गत कमला पुल समयमा नबन्दा वर्षौंदेखि स्थानीय सास्ती खेप्न बाध्य छन्।

*सिँचाइ...*

बितिसक्यो अफिसबाट मिटर रिडिङ गर्न पनि आउँदैनन्। हामीले समयमा बिजुली पनि नपाएको अवस्था छ। केही दिनअघि ट्रान्सफर्मर बिग्रिएपछि किसान नै ट्रान्सफर्मर मर्मत गरिदिन जानकारीका लागि अफिस जाँदा स्वस्फूर्त रूपमै सिँचाइ मिटरको बिलको पैसा तिरेका थियौँ।"

कृषि मिटरका लागि तार पोलको माग धेरै छन्, बजेट अपुग छ। चालु आवमा सात लाख रुपियाँ मात्रैआएको छ। जसले एउटा वडामा पोल पनि नपुग्ने अवस्थामा सिँचाइ मिटरको सेवा प्रभावकारी ढङ्गलेदिन नसकेकोनेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र कञ्चनरूपका प्रमुख अरुणकुमार शाहले बताए।

**नेपाल विद्युत प्राधिकरण**

**(नेपाल सरकारको स्वामित्व)**

**वितरण तथा ग्राहक सेवा निर्देशनालय**

**मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर**

**मिर्चैया वितरण केन्द्र, मिर्चैया**

**नेपाल बिद्युत प्राधिकरण, मिचैंया वितरण केन्द्रको बती अवरुद्ध रहने सम्बन्धि जरुरी सुचना**

विद्युत प्राधि पूर्व–पश्चिम राजमार्ग अन्तर्गत कञ्चनपुर–कमला सडक खण्डको सडक स्तरोन्नती गर्ने कममा यस वितरण केन्द्र अन्तर्गतको मिचैंया न.पा. क्षेत्रमा केही विद्युतका पोलहरु स्थानान्तरण गर्नु पर्ने भएकोले मिती: २०८०/०९/२१ गते शनिवारका दिन बिहान ८ बजे देखी बेलुकी ५ बजे सम्म यस केन्द्रको ११ के.भी. मिचैंया तथा बन्दिपुर फिडरको सम्पूर्ण लाईन अवरुद्ध रहनुका साथै ११ के.भी.कल्याणपुर र गोलबजार फिडरको लाईन अनियमित रहन सक्ने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी अनुरोध गरिन्छ। यसबाट सेवाग्राहीहरुमा पर्न जाने असुबिधा प्रति ने. वि. प्रा. मिचैया वितरण केन्द्र क्षमाप्रार्थी छ।

**पुन:श्च:** तोकिएको समयभन्दा काम अगावै सम्पन्न भएमा लाईन पनी सोही अनुसार सुचारु हुनेछ।

**ने.वि.प्रा. मिर्चैया वितरण केन्द**
**मिर्चैया, सिरहा**


# वीरगञ्ज महानगरको बजेट साढे तीन अर्ब

**दिपकप्रसाद गौतम**

वीरगञ्ज, २५ पुस। वीरगञ्ज महानगरको १४औँ नगर सभाको अधिवेशनले चालु आर्थिक वर्षको बजेट २५ करोड रुपियाँ बढाएको छ। बुधबारको बसेको वीरगञ्ज महानगरपालिकाको नगर सभाको अधिवेशनले चालु आर्थिक वर्षको वार्षिक बजेटमा २५ करोड रुपियाँ थप गर्नुका साथै विभिन्न योजना तथा कार्यक्रमहरू परिमार्जन गरेको हो। नगर सभाले वार्षिक बजेट तथा कार्यक्रममा परेर पनि कार्यान्वयनमा आउन नसक्ने अवस्थामा रहेका कार्यक्रम परिमार्जन गर्दै चालु आर्थिक वर्षको बजेट थप गरेको जनाएको छ। गत अधिवेशनले चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट ३ अर्ब २१ करोड राखेकोमा नगर सभाको १४औँ अधिवेशनले हाल त्यसमा २५ करोड रुपियाँ बढाएर ३ अर्ब ४६ करोड रुपियाँ पुऱ्याइएको हो ।

वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले यस वर्ष महानगरपालिकाभित्रका चापाकल सुकेर खानेपानीको समस्या देखिएकाले खानेपानीका लागि महानगरभित्रका ४ हजार घरधुरीमा धारा जडान गरिने बताउँदै त्यसको लागि थप ८० लाख रुपैयाँ बजेट छुट्याएको जानकारी दिए। वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले ८० प्रतिशत र महानगरको २० प्रतिशत लगानीमा महानगरका ४ हजार घरधुरीमा धारा जडान गरिने स्पष्ट पारे। धारा जडानको कार्य अघि बढाउन बजेटमै संशोधन गरेर महानगरले भुक्तानी गर्नु पर्ने २० प्रतिशत रकम विनियोजन गरिएको उनले बताए। नगर सभामा नगरप्रमुख सिंहले महानगर सभाको कार्य सञ्चालन विधेयक, संस्कृति तथा सम्पदा संरक्षण एवं संवर्द्धन विधेयक, संघसंस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक सभामा पेस गरेको थियो।

त्यस्तैगरी नगर सभामा बस्ती विकास सहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण इजाजत सम्बन्धी कार्यविधि २०७५ तेस्रो संशोधन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण संशोधन विधेयक पनि पेस गरिएको थियो। आवश्यक कानुनको अभावमा विभिन्न काम गर्न असहज भएकाले सभामा विधेयक पेस गरिएको प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले बताए। नगर सभामा उपमेयर इम्तियाज आलम तथा नगर सभा सदस्यहरूको सहभागिता रहेको थियो ।

# वडाध्यक्षका छोरा अपहरण गरेको आरोपमा ३ जना पक्राउ

विराटनगर, २५ पुस। बालक अपहरण आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। मोरङको जहदा गाउँपालिका–१ का वडाध्यक्ष बाबुराम राजवंशीका नाबालक छोरालाई अपहरण गरेको आरोपमा प्रहरीले जहदा–१ का २० वर्षीय अभिषेक यादव,१९ वर्षीय मिथिलेशकुमार यादव र विराटनगर महानगरपालिका–१८ का २१ वर्षीय विवेकानन्द यादवलाई पक्राउ गरेको हो।

जहदा–१ बुधनगरबाट पक्राउ परेका तीनै जना मिलेर १० वर्षीय धनीधर राजवंशीलाई अपहरण गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको मोरङका डीएसपी रञ्जनकुमार दाहालले बताए। सुरुमा प्रहरीले अभिषेकलाई नियन्त्रणमा लिएको थियो। प्रहरी त्यसपछि अरु दुई जनालाई पक्राउ गरेको हो। प्रहरीले बालकलाई विराटनगर–१८ बाट सकुशल उद्धार गरेको छ। डीएसपी दाहालका अनुसार जहदा–१ बाट मंगलबार दिउँसो ३ बजेतिर बालक अपहरणमा परेका थिए।

विद्यालयबाट आएर घरनजिकको मन्दिरमा साथीहरुसँग खेलिरहेका बेला अपहरण गरेर लगिएको उनले बताए। दाहालका अनुसार स्कुलमा तिम्रो फोटो खिचाउनुपर्ने छ भनेर ३ जना युवाहरुले ललाईफकाई साइकलमा राखेर लगेको पाइएको छ। भाथीगछ–हरिनगराको गुरुङ टोलमा पुर्याएपछि साइकलदेखि ओरालेर मोटरसाइकलमा राखी विभिन्न स्थान हुँदै बालकलाई विराटनगर महानगरपालिका–१५ स्थित खाकीबाबा मन्दिर नजिकको घरमा लगेर राख्न खोजेको देखिएको प्रहरीले बताएको छ। सो घरबाट कहाँ लैजान्ने भन्ने अपहरणकारीबीच नै विवाद देखिएपछि स्थानीयले थाहा पाएर प्रहरीलाई खबर गरेका थिए।

बालकका बुवा एवं जहदा–१ का वडाध्यक्ष बाबुरामले छोराको अपहरणमा संलग्नलाई कारबाहीको माग राखेर इलाका प्रहरी कार्यालय रानीमा किटानी जाहेरी दिएका छन्। बालकलाई भारत पुऱ्याएर बन्धक बनाउने र फिरौती लिने योजनासहित अपहरण गरिएको हुनसक्ने प्रहरीको अनुमान छ। अपहरणको मुख्य योजनाकार नै भारतीय नागरिक हुन सक्ने आशंका प्रहरीको छ।

# कोरोना सङ्क्रमितको प्रतिवेदन दैनिक पठाउन निर्देशन

काठमाडौं, २५ पुस। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले कोरोना भाइरस सङ्क्रमितको प्रतिवेदन दैनिक पठाउन निर्देशन दिएको छ। महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले कोरोना भाइरस सङ्क्रमणको ओमिक्रोनको नयाँ भेरियन्ट जेएन वान देखिएपछि निगरानी गर्नका लागि सरकारी तथा निजी अस्पताल, प्रवेश विन्दुहरु, कोभिड–१९ का रिपोर्टिङ प्रयोगशालालाई परिपत्र गर्दै सङ्क्रमितको प्रतिवेदन दैनिक पठाउन निर्देशन दिएको हो। नेपालमा पहिलोपटक अस्ति ७ जनामा कोरोना भाइरस सङ्क्रमणको ओमिक्रोनको नयाँ भेरियन्ट जेएन वान पुष्टि भएको थियो। महाशाखाका निर्देशक डा मरासिनीका अनुसार अन्य भेरियन्टको तुलनामा यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने दर उच्च छ। तर सङक्रमणबाट हुने जटिलता कम छ। सङ्क्रमित बिरामीको अणुवांशिक अध्ययन अर्थात् जिन सिक्वेन्सिङका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा नमुना पठाउनसमेत अनुरोध गरिएको छ।

# गणित, विज्ञान र अंग्रेजी शिक्षक नपाउनुको के हो कारण ?

**श्याम राई**

काठमाडौं, २५ पुस। संखुवासभाको सिलिचोङ गाउँपालिका–४ माङतेवास्थित जीवनज्योति माध्यमिक विद्यालयले करारमा अंग्रेजी शिक्षक आवश्यक भएपछि पहिलोपटक गत भदौमा विज्ञापन आह्वान गऱ्यो तर निवेदन परेन। निवेदन नपरेपछि मंसिर १० गते तेस्रोपटक विज्ञापन प्रकाशित भयो। तेस्रोपटक विज्ञापन गर्दा बल्ल विद्यालयले शिक्षक पायो। उक्त विद्यालयका प्रधानाध्यापक गणेशकुमार राईले अहिले भने शिक्षक नियुक्त गरेको जानकारी दिए। उनका अनुसार १६ जनाको आवेदन परे पनि परीक्षामा ३ जना मात्रै सहभागी भए।

इलामको माईजोगमाई गाउँपालिका–५ स्थित सरस्वती माध्यमिक विद्यालयले पनि विज्ञापन गर्दा समयमा एकजना करारमा विज्ञान शिक्षक पाएन। त्यसपछि गत मंसिर २७ गते पुनः विज्ञापन गर्न बाध्य भयो। यसैगरी अर्घाखाँचीको भूमिकास्थान नगरपालिका–१ स्थित बालशिक्षा माध्यमिक विद्यालयले पनि शिक्षक नपाएपछि २०८० पुस ५ गते पुनः गणित शिक्षक (करार)का लागि विज्ञापन आह्वान गऱ्यो।

यी तीन विद्यालयले शिक्षक नपाएपछि पटक पटक विज्ञापन गर्नुपरेको एक उदाहरण मात्रै हो। अधिकांश विद्यालयले गणित,विज्ञान र अंग्रेजी विषयको माग गर्दा पनि पाउँदैनन्। यो समस्या हालसम्म पनि कायमै छ। त्यसो त वेला वेला सामाजिक सञ्जालमा समेत ठूलो बहस हुन्छ। यो विषयमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा समेत प्रवेश गरेको छ। मंगलबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विभिन्न सरोकारवाला समूहसँग विद्यालय शिक्षा विधेयकका सम्बन्धमा भएको छलफलमा के कसरी यी शिक्षकहरूको अभाव भयो भन्ने विषयमा बहस भएको थियो।

**किन हुन्छ शिक्षक अभाव ?**

शिक्षण सिकाइ अनुदान शिक्षक केन्द्रीय संघर्ष समितिका महासचिव सञ्जय तिम्सिना सरकारकै बेवास्ताका कारण अहिले गणित, विज्ञान र अंग्रेजी विषयको शिक्षक अभाव हुने गरेको बताउँछन्। 'अहिले वेला वेला सामाजिक सञ्जालमा गणित, विज्ञान र अंग्रेजी शिक्षक नपाएर पाँचौँपटकसम्म विज्ञापन भएको देख्नुभएकै होला। यो अवस्था किन आयो भन्ने सरकारकै कमजोरी छ', उनले समितिको बैठकमा सांसदहरूसामु भने।

शिक्षकहरूको जागिरको सुनिश्चितता नभएको भन्दै उनले गुनासो गरे। 'शिक्षक अभाव भनेर बाहिर भनिन्छ, हामी सबै दक्ष शिक्षक छौँ र हौँ तर हाम्रो जागिरको सुनिश्चितता छैन, कसरी टिक्न सक्छ?', उनले भने। त्यसैले आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गराउनुपर्ने व्यवस्था प्रस्तावित शिक्षा विधेयकमा हुनुपर्ने उनको माग छ।

**नियुक्ति गरेको ६ महिनामै जागिर चैट !**

शिक्षण सिकाइ अनुदान शिक्षक केन्द्रीय संघर्ष समितिका महासचिव तिम्सिनाका अनुसार अनुदान शिक्षकहरूको नियुक्ति अवधि एक वर्षको हुन्छ तर जागिर भने ६ महिना पनि टिक्दैन। 'अस्तिमात्र एकजना मेरो साथीले नियुक्ति लिएको ६ महिना नबित्दै जागिर खोसियो, अब कसरी परिवार पाल्ने?' यस्तो पनि शिक्षकहरूको जागिर हुन्छ भनेर रुँदै मलाई भने,ल अब भन्नुस् साँच्चै शिक्षकहरूको जागिर यस्तो पनि हुन्छ? सधैँ यस्तै भइरह्यो भने अन्य कसरी शिक्षण क्षेत्रमा आकर्षित हुन्छन् त?', उनले शिक्षा मन्त्रालयका सचिवकै अगाडि प्रश्न गरे।

उनका अनुसार देशभर अनुदान र करारका गणित, विज्ञान र अंग्रेजीका मात्रै ७ हजार ८४ जना शिक्षक छन्। शहरी क्षेत्रभन्दा पनि बढी ग्रामीण भेगमा छन्। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार देशभर रहेका ७५ प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयमा गणित र विज्ञान शिक्षकको अभाव छ। निमावि तहमा २८ प्रतिशतमा मात्रै गणित, विज्ञान र अंग्रेजी विषय पढाउने शिक्षक छन्।

'शिक्षकहरूको यहाँ भविष्य नै छैन, हामी पढाएर विद्यालयको गुणस्तर उकास्ने हुटहुटी लिएर नियुक्ति हुन्छौँ तर थाहै नपाई हाम्रो जागिर जान्छ', शिक्षण सिकाइ अनुदान शिक्षक केन्द्रीय संघर्ष समितिका उपाध्यक्ष कौशिक शर्माले भने। आन्तरिक प्रतिस्पर्धाबाट स्थायी नभएसम्म यस्तो समस्या हुने उनको भनाइ छ। 'कुनै विद्यालयको सामाजिक विषयमा शिक्षक आउँदा पनि हाम्रो दरबन्दी कटौती हुन्छ, विद्यालय मर्ज हुँदा पनि कटौती हुन्छ। त्यसैले हामी पनि आन्तरिक प्रतिस्पर्धाबाट स्थायी शिक्षक बन्न पाउनुपर्छ', उनले भने। यी शिक्षकहरूलाई सरकारले उचित व्यवस्थापन गर्न सके मात्रै सामुदायिक विद्यालयको अवस्था उकास्न सकिने उनले बताए। 'शिक्षकहरू यति धेरै पीडित छन् तर हामी शैक्षिक गुणस्तर चाहियो भन्छौं। शिक्षकहरूलाई यसरी बेवास्ता गरे कसरी शैक्षिक गुणस्तरको अवस्था उकास्न सकिन्छ?', उनले भने।

विकास केन्द्रका अनुसार देशभरका सामुदायिक विद्यालयमा १ लाख ७ हजारभन्दा बढी स्थायी शिक्षक दरबन्दी छ। २०७५ सालमा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माको संयोजकत्वमा गठित कार्यदलले देशभरका सामुदायिक विद्यालयमा ५२ हजार २८२ शिक्षक अपुग रहेको तथ्यांक देखाएको थियो तर दरबन्दीअनुसार शिक्षक नियुक्त हुन सकेका छैनन्।

सरकारले नै समयमा विज्ञापन गरेर शिक्षकहरूको व्यवस्थापन गर्न नसक्दा यो समस्या निम्तिएको ती शिक्षकहरूको भनाइ छ। जीवनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक राईले पनि भनेजस्तो समयमा यी शिक्षकहरू पाउन कठिन पर्न थालेको बताए। 'गणित,अंग्रेजी र विज्ञान विषयका शिक्षक पाउनै कठिन छ, विज्ञापन निकाले पनि करार भएकाले फाराम भर्न आकर्षित हुँदैनन्' ,उनले भने। समितिका सभापति भानुभक्त जोशीले यी माग र सुझाव सरकारलाई बुझाउने बताए। छलफलमा उनले भने, 'तपाईंहरूको समस्या र मागबारे शिक्षा मन्त्रालयका सचिवले पनि सुन्नुभएको छ,तपाईंहरूले पनि लिखित रूपमा पनि समितिमा ती कुरा बुझाउनुहोला', उनले भने।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)